# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा, मधेश प्रदेश, नेपाल

पत्र संख्याः-२०८१/०८२ | मितिः२०८१/११/२६

चलानी नं. १०१५

**विषय : तह/स्तर वृद्धिका लागि दरखास्त आव्हान सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा सम्मानित उच्च अदालत, जनकपुरधामको परमादेश रिटमा भएको फैसला तथा यस कार्यालयको मिति २०८१/११/२६ गतेको निर्णयानुसार मिथिला नगरकार्यपालिकाको कार्यालय तथा मातहतको कार्यालयहरुमा स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरु मध्ये मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा ६ र दफा २९ बमोजिम तह/स्तर बृद्धि हुनका लागि योग्यता पुगेका स्थायी कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखी रितपूर्वक दरखास्त (निवेदन) पेश गर्नका लागि यो सूचना आव्हान गरिएको छ ।

तपसिल

पेश गर्नुपर्ने कागजातहरु :

१. शुरु स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी
२. हाल कार्यरत तहको नियुक्ति, सरुवा वा समायोजन पत्रको प्रमाणित प्रतिलिपीहरु
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
४. न्यूनतम योग्यताका कागजातहरुको प्रमाणित प्रतिलिपी
५. अन्य आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपी

..........................

अशोक कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश ।
श्री प्रदेश लोकसेवा आयोग, मधेश प्रदेश, नेपाल ।
श्री सूचना तथा प्रविधि शाखा, मिथिला नगरपालिकाः सूचना वेवसाइटमा अपलोड गर्नु हुन् ।